“विविधतामा एकता” Unity in Diversity

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र
श्रम संसद्‌को दोस्रो बैठक

# सांगठनिक प्रतिवेदन

मंसिर २९, २०७३ (डिसेम्बर १४, २०१६)

Joint Trade Union Coordination Center

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र
JOINT TRADE UNION COORDINATION CENTER
Secretariat Office, Stone House
House No. 107/3 Saras Marg, Anamnagar, Kathmandu, Nepal
P.O.Box: 9995, Tel: +977-1-4102692, 4259686
E-mail:jtuccnepal@gmail.com

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र
श्रम संसद्को दोस्रो बैठक

# सांगठनिक प्रतिवेदन

मंसिर २९, २०७३ (डिसेम्बर १४, २०१६)

## विषय प्रवेश

झण्डै एक दशक अगाडि स्थापित संयुक्त ट्रेड युनियन समन्वय केन्द्र( जेटीयूसीसी) आजको मितिसम्म आई पुग्दा संस्थागत ढाँचामा आइसकेको छ । २०७१ साल पौषमा जेटीयूसीसीको तेस्रो सम्मेलनले विधान जारी गर्दै यस संस्थालाई संस्थागत गर्ने ऐतिहासिक कामको थालनी गरेको थियो । सोही विधानमा **श्रम संसद्** (लेबोर पालिर्यामेन्ट) को व्यवस्था समेत गरिएको छ । वर्षभरि गरिएका कामको समीक्षा गरी प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने र आगामी कार्यक्रमहरू तथा संस्थाको नयाँ नेतृत्व चयन गर्ने उद्देश्यले श्रम संसद्को दोश्रो बैठकको आयोजना गरिएको छ। यस अवधिमा संस्थाले आफ्ना कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एवं प्राप्त उपलब्धिलाई व्यवस्थित गर्न विभिन्न समयमा बैठक तथा छलफल कार्यक्रम पनि आयोजना गर्दै आएको छ । विगत एक वर्षमा जेटीयुसीसी प्रेसिडियमको बैठक ६ पटक, सचिवालयको बैठक १० पटक, मूल समितिको बैठक ३ पटक र महिला समितिको बैठक ५ पटक बसी समसामयिक आवश्यकता बमोजिमका विभिन्न महत्वपूर्ण निर्णयहरू गरिएको छ। यसका अतिरिक्त ८ वटा थप बैठकहरूमार्फत् कानुनी तथा अन्य विविध विषयहरूका सन्दर्भमा औपचारिक तथा अनौपचारिक छलफल समेत गरिएको छ।

मिति २०७३ वैशाख १७ गते संस्थाले तत्कालीन माननीय अर्थमन्त्रीज्यूलाई सरकारको नीति तथा कार्यक्रम र बजेटका लागि २२ बुँदे सुझाव पेश गरेको थियो भने अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा पत्रकार सम्मेलन आयोजना गरी जेटीयुसीसीको तर्फबाट श्रमिकहरूको हकहित र



अधिकारका लागि यो वर्ष गरिने मुख्य कार्यहरूको विवरण घोषणापत्रमा जारी समेत गरेको थियो । त्यस्तै, संस्थाले २०७३ जेठ १७ गते तत्कालीन माननीय श्रममन्त्रीज्यू समक्ष २४ बुँदे ज्ञापन पत्र पेश गरेको थियो । यी र यस वर्ष सम्पन्न भएका अन्य मुख्य कार्यहरू यसप्रकार छन् :

### क. अन्तरक्रिया कार्यक्रम

- यस संस्थाद्वारा १०६ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा **'नयाँ संविधानमा भएका श्रमिकसम्बन्धी व्यवस्था र श्रमिक महिलाहरूको सवाल'** विषयक अन्तरक्रिया कार्यक्रम साप फाल्चा बहरमहलमा मार्च ४, २०१६ (फागुन २१, २०७२) मा आयोजना गरियो । कार्यक्रममा लैंगिक विषय, घरेलु हिंसा, महिला कामदारहरूप्रति गरिने विभेद र हिंसाजस्ता समस्याहरूको अन्त्यको लागि गर्नुपर्ने कार्यहरूको बारेमा छलफल गरियो ।

- साप फाल्चा बहरमहलमा मिति ३० जुन २०१६ (आषाढ १६, २०७३)मा **'श्रम क्षेत्रका महत्वपूर्ण समस्या'** विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । सो कार्यक्रमको मुख्य उद्देश्य श्रमिकहरूको समस्याका बारेमा साझा नीति तथा धारणा बनाउनु रहेको थियो । सो कार्यक्रममा वैदेशिक रोजगार ऐन, २०६४ का बारेमा श्रमविज्ञ मधुविलास पण्डितले तथा सामाजिक सुरक्षा कोषको बारेमा सामाजिक सुरक्षा समितिका सि.ई.ओ. अनिल कुमार गुरूङले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो क्रममा दुवै कार्यपत्र प्रस्तुतकर्ताले श्रमिक मैत्री कानुन र यसको पालनाका लागि लगातार दबाबको आवश्यकता महसुस रहेको धारणा व्यक्त गर्नुभएको थियो । सो कार्यक्रममार्फत् श्रमिक अधिकार सुनिश्चित गर्नका लागि अपनाउनु पर्ने नीति तथा कार्यक्रमहरू तय समेत गरिएको थियो ।

- विभिन्न ट्रेड युनियन संगठनका २४ नेताहरूको सहभागितामा मिति २९ जुन २०१६ (आषाढ १५, २०७३) मा युनियन हाउस, अनामनगरमा

**'श्रम क्षेत्रमा रहेका कानुनी समस्या'**सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा श्रम ऐन लागु गर्न कर्मचारीतन्त्र नै बाधक रहने ठहर गरी सम्पूर्ण ट्रेड युनियन संगठनहरूले आफ्नो राजनीतिक च्यानल प्रयोग गर्नु पर्ने र लगातार सरकार र राजनैतिक दलहरूलाई दबाब दिनुपर्ने लगायतका अन्तरक्रिया गरिएको थियो । सोही कार्यक्रमको प्रतिफल, अन्तरक्रिया पश्चात् श्रमिकमैत्री कानुनको सरोकारवाला निकायसँग लबिङ सञ्चालन भइरहेको छ ।

- सामाजिक सुरक्षा विधेयक श्रम ऐन संशोधनमा ट्रेड युनियनको अवधारणा सहित सांसद्हरूलाई संशोधन प्रस्ताव प्रस्तुत गर्न सामाजिक सुरक्षा ऐन र श्रम ऐनका बारेमा विभिन्न क्षेत्रका १०० भन्दा बढी सहभागीहरूसँग अन्तरक्रिया कार्यक्रम २०७३ भाद्र २७ गते (१२ सेप्टेम्बर, २०१६)अल्फाबिटा कम्प्लेक्स नयाँ बानेश्वरमा आयोजना गरियो । सो कार्यक्रममा संसद्मा प्रस्तावित श्रम ऐन र सामाजिक सुरक्षा ऐनको मस्यौदामा रहेका त्रुटीहरूका विषयमा माननीय श्रम तथा रोजगारमन्त्री तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूबीच छलफल गरिएको थियो । सो क्रममा माननीय मन्त्रीज्यूबाट ऐनमा रहेका त्रुटीहरू संसद्मा छलफल गरी सच्चाउने प्रतिबद्धता जाहेर भएको थियो ।

- SARTUC र JTUCC को संयुक्त आयोजनामा होटल अन्नपूर्णमा वैदेशिक रोजगार ऐन सम्बन्धी एक दिवसीय त्रिपक्षीय अन्तरक्रिया कार्यक्रम गरियो । सो कार्यक्रममा सरोकारवालाले आफ्नो संस्थाको धारणा प्रस्तुत गरेका थिए ।

- जेनेभामा सम्पन्न ILO को १०५ औं सम्मेलनमा JTUCC को सहयोगी निकाय Mini Nepal Forum को आयोजनामा June 7, 2016 का दिन नेपालमा भइरहेको श्रम कानुन सुधार र पुनर्निर्माणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा ILO तथा अन्तर्राष्ट्रिय ट्रेड युनियन आन्दोलनका महत्वपूर्ण व्यक्तिहरुको सहभागिता रहेको थियो ।



- २०७३ मंसिर १६ मा श्रम तथा रोजगार मन्त्री सूर्यमान गुरुङको प्रमुख आतिथ्यमा **'विद्यमान श्रमसम्बन्धी कानुनहरूमा ट्रेड युनियनको अवधारणा'** विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । विभिन्न दलका प्रमुख सचेतक, श्रम सांसद्हरू, विभिन्न मन्त्रालयका सचिवहरू, ट्रेड युनियन नेता तथा अन्य सरोकारवालाहरुका बीचमा सो कार्यक्रम गरिएको थियो । कार्यक्रममा श्रमसम्बन्धी विभिन्न श्रमिक विरोधी ऐनहरूमा माननीय श्रम तथा रोजगार मन्त्री तथा विभिन्न क्षेत्रका सरोकारवालाहरूबीच छलफल गरिएको थियो । सो क्रममा माननीय मन्त्रीज्यूबाट अन्तरक्रियामा भएका छलफलहरूको विषयलाई गम्भीरता साथ लिई कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गरिएको थियो । *(यसको विवरण अनुसूची १ मा समाविष्ट छ ।)*

### ख. माननीय अर्थमन्त्रीज्यूलाई सुझाव पेशः

यस संस्थाले मिति २९ अप्रिल २०१६(वैशाख १७, २०७३) मा माननीय अर्थ मन्त्रीज्यूलाई आ.व. २०७३/७४ को बजेट एवं सरकारको नीति तथा कार्यक्रमसँग सम्बन्धित रही २२ बुँदे सुझाव पेश गऱ्यो । *(यसको विवरण अनुसूची २ मा समाविष्ट छ ।)*

### ग. पत्रकार सम्मेलन तथा घोषणा पत्र जारीः

मई दिवस को अवसरमा मिति ३० अप्रिल २०१६ (वैशाख १८, २०७३) मा संस्थाद्वारा पत्रकार सम्मेलन कार्यक्रम सम्पन्न गरियो । साथै मई दिवसकै अवसरमा संस्थाको तर्फबाट श्रमिकहरूको हकहित र अधिकारका लागि यस वर्षमा गरिने मुख्य कार्यहरूको विवरण सहितको घोषणापत्र समेत जारी गरिएको थियो । *(यसको विवरण अनुसूची ३ मा समाविष्ट छ ।)*

### घ. माननीय श्रम तथा रोजगारमन्त्रीज्यूलाई ज्ञापन पत्र पेशः

संस्थाले तत्कालीन माननीय श्रम तथा रोजगार मन्त्रीज्यूलाई मिति

२९ मे २०१६ (जेठ १७, २०७३) मा श्रमिकहरूको हकहित, अधिकार र मागका सम्बन्धमा ज्ञापन पत्र पेश गर्‍यो । *(यसको विवरण अनुसूची ४ मा समाविष्ट छ ।)*

### ङ. ट्रेड युनियनको एकता निर्माण बैठक

यसै संस्थाको पहलमा मिति ३० र ३१ जुन २०१६ मा दरबारमार्गस्थित होटल अन्नपूर्णमा दक्षिण एसियाका ४९ वटा ट्रेड युनियन संगठनका नेताहरूबीच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान गर्ने कार्यक्रम सम्पन्न गरियो । उक्त अवसरमा इण्डोनेसिया, फिलिपिन्स, फिनल्याण्ड र नेपालको तर्फबाट ट्रेड युनियन एकताको सन्दर्भमा भएका गतिविधि एवं अनुभवहरूको प्रस्तुति गरिएको थियो । सो कार्यक्रम ट्रेड युनियन संगठनहरुको क्षमता वृद्धि र सञ्जाल निर्माणका लागि फलदायी बन्न सफल भएको थियो ।

### च. आचार संहिता तयार

संस्थाद्वारा सार्वजनिक क्षेत्रमा हुने आधिकारिक ट्रेड युनियन निर्वाचनमा ट्रेड युनियन संगठनहरूबीचको आचार संहिता तयार गर्न समिति गठन गरिएको छ ।

### छ. पुनर्निर्माण प्राधिकरणसँग भेटघाट

संस्थाले २०७२ वैशाखमा गएको विनाशकारी भूकम्पमा परी करिब ९ हजार जनताको ज्यान गएको तथा लाखौं मानिसहरू घरबारविहीन रहेको विद्यमान अवस्थामा पुनर्निर्माण प्राधिकरणका पदाधिकारीहरुसँग भेटघाट गरी ट्रेड युनियनहरूबाट हुने सहयोग तथा सेवाको विषयमा छलफल कार्यक्रम सम्पन्न गर्‍यो।



### ज. परियोजना रिपोर्टहरू

संस्थाद्वारा सम्पन्न गरिएका र सञ्चालन गरिँदै आइएका परियोजनाका बारेमा आवधिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गरिँदै आइएको छ । यस क्रममा LO/FTF, SASK परियोजना अन्तर्गतका प्रतिवेदन तयार गरी पेश गरिसकिएको छ । परियोजनाका अन्य कार्यक्रमहरू पनि प्रभावकारी रूपमा सञ्चालन भएका र हुँदै आएका छन् ।

### झ.तथ्याङ्क संकलन

'नेपालको ट्रेड युनियन आन्दोलनमा महिला श्रमिकको भूमिका तथा सहभागिताको स्थिति'का सम्बन्धमा अध्ययन सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । सो प्रतिवेदनको आधारमा महिला सशक्तीकरण लगायतका कार्यक्रममा ट्रेड युनियनहरूलाई नीति तथा कार्यक्रम सञ्चालन गर्न टेवा पुग्नुका साथै महिला मैत्री कार्यक्रम सञ्चालन गर्न सहज हुनेछ ।

### ञ. बिद्यमान श्रम क्षेत्रमा प्राथमिकताको क्रममा रहेका मुद्दाहरू

विभिन्न अन्तरक्रिया र लगातारको छलफलपछि श्रम क्षेत्रमा रहेका विद्यमान प्रमुख समस्याहरूको पहिचान गरी त्यस्ता समस्याका समाधान खोज्नका लागि ती विषयलाई आवश्यक छलफलको प्रक्रियामा अगाडि बढाइएको छ । ती प्रमुख समस्याहरूको निराकरणका लागि औपचारिक तथा अनौपचारिक रूपमा लबिङ समेत गरिँदै आइएको छ । साथै, प्रस्तावित श्रम ऐन र सामाजिक सुरक्षा ाधेयकको  मस्यौदामा रहेका त्रुटीहरू पहिचान गरी ती ऐनमा रहेका प्रतिकूल प्रावधानहरूका बारेमा आवश्यक सुझावको प्रक्रिया अगाडि बढाइएको छ । *यसको विवरण अनुसूची ६ मा समाविष्ट छ ।)*

## ठ. SASK तथा ILO सँग बैठक

सास्कको सहयोगमा यस संस्थाद्वारा सञ्चालन गरिएका परियोजनाको मूल्यांकन तथा २०१७ का कार्यक्रमहरूको बारेमा संस्थाका पदाधिकारी तथा सास्क प्रतिनिधिहरुबीच २१ अक्टोबर २०१६ मा बैठक बसी छलफल गरियो । सो छलफलमा सास्कको सहकार्यमा सन् २०१७ मा गरिने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने तयारी गरिएको छ ।

त्यस्तै, ILO अन्तर्गत रोजगार सूचना केन्द्रसँग सहकार्य गरी यस संस्थाद्वारा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गरिएको छ । जनवरी २०१७ देखि क्षिइ को सहयोगमा JTUCC मार्फत् विभिन्न परियोजनामा सहकार्य गर्ने कामको सुरुवात गर्न खोजिएको छ ।

## ड. औद्योगिक व्यवसाय ऐनका विरुद्धमा गरिएको पहल

सरकारद्वारा आईएलओको भावना र आफूले गरेका विभिन्न पूर्ववर्ती सन्धि अभिसन्धिहरुको विपरीत हुने गरी एकातर्फी रूपमा श्रमिक विरोधी औद्योगिक विधेयक पेश गरी व्यवस्थापिका संसद्मार्फत् पास गरिएको अवस्था छ । सो विधेयक श्रमिक विरोधी रहेको ठहर गरी यसका विरुद्धमा संस्थाको आधिकारिक धारणासहित मिति २०७३ असोज २० गते प्रेस विज्ञप्ति जारी गऱ्यो । *(यसको विवरण अनुसूची ५ मा समाविष्ट छ ।)*

रोजगारदाता, ट्रेड युनियन र सरकारबीच भएका सम्झौताको उल्लंघन गर्दै एकातर्फी रूपमा सो कानुन आएकोमा यस संस्थाले सरकारका विरूद्ध ILO, Geneva मा मुद्दा समेत दायर गरेको छ । *यसको विवरण अनुसूची ६ मा समाविष्ट छ ।)* साथै, उक्त ऐनको दफा ४७ को उपदफा ६ र ७ को खारेजीका निम्ति विभिन्न प्रकारका दबाबमूलक कार्यक्रम सञ्चालन गरिने योजना तय भएको छ ।



## ढ. प्रकाशन र प्रचार-प्रसार

संस्थाले आफ्ना गतिविधिहरुलाई जनस्तरमा पुऱ्याउन, श्रमिकहरुका साझा र ताजा सवाललाई नीतिगत व्यवस्था गर्ने निकायसमक्ष पुऱ्याउन तथा श्रमिकहरुका हकहितका लागि श्रमिकहरुलाई सुशिक्षित गराउन विभिन्न सामग्रीहरु प्रकाशन तथा प्रसारण गर्दै आएको छ । यस वर्षका कार्यक्रमहरुलाई श्रमिकका स्तरमा पुऱ्याउन एवं संस्थाका गतिविधिलाई प्रचार प्रसार गर्न देहायबमोजिमका सामग्रीहरुको प्रकाशन गरिएको छ :

- *संस्थाको विधान*
- ***CBA*** *प्रतिवेदन*
- *श्रम संसद् बैठकमा प्रस्तुत गरिएका प्रतिवेदनहरु*
- *सांगठनिक प्रतिवेदन तथा संस्थाले विभिन्न समयमा जारी गरेका विज्ञप्ति तथा कार्यक्रम विवरणहरु*

## ढ.अन्तर्राष्ट्रिय प्रतिनिधित्व

जेनेभामा भएको ILO को १०५ औं सम्मेलनमा संस्थाको तर्फबाट अध्यक्ष र महासचिवको सहभागिता रह्यो भने इन्डोनेसियाको बालीमा हुने बैठकमा सहभागिताको लागि प्रतिनिधि रमेश बडाल र एडभाईजरको रूपमा गणेशराज निरौलाको नाम सिफारिस गरिएको छ ।

## ण. आधिकारिक ट्रेड युनियनको निर्वाचन

JTUCC को श्रम संसद्ले गत वर्ष निर्णय गरे अनुसार निजामती कर्मचारीको आधिकारिब ट्रेड युनियनको निर्वाचन सम्पन्न भइसकेको र विभिन्न सार्वजनिक तथा निजी प्रतिष्ठानहरुमा आधिकारिक ट्रेड युनियनका निर्वाचन भइसकेका छन् । हुन बाँकी प्रतिष्ठानहरुमा निर्वाचनका निम्ति पहल भइरहेका छन् ।

## ण. कार्यालय व्यवस्थापन

- JTUCC को नाममा कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंकमा रहेका खातालाई सञ्चालनमा ल्याइएको छ ।
- JTUCC कार्यालय, अनामनगरमा इन्टरनेट जडान गरिएको छ ।
- JTUCC कार्यालयको इन्भर्टर मर्मत तथा पुरानो ब्याट्री बिक्री गरी नयाँ ब्याट्री खरिद गरिएको छ ।
- JTUCC कार्यालयको दुईवटा टेलिफोन रहेकोमा सो को अपडेट गरिएको छ ।
- JTUCC को वेबसाइट तयार गरी सञ्चालनको प्रक्रियामा छ ।
- मिति २०७२ श्रावण १ गतेदेखि लागुहुने गरी JTUCC सचिवालयमा श्री रमेश बस्नेतलाई कार्यक्रम संयोजकको रूपमा नियुक्त गरिएको छ। साथै, सरसफाई कार्यका लागि श्री रोशन राईलाई नियुक्त गरिएको छ ।
- श्रमसम्बन्धी पुस्तकहरू संकलन गरी पुस्तकालय बनाउने क्रम अगाडि बढाइएको छ।

## त. विविध

नेपाल सरकारद्वारा निर्धारण गरिएको न्युनतम वेतन सबै तहमा लागु गराउन सम्वन्धित विभागहरूमा पहल गरिएको र सबै ठाउँ लागु गराउन थालनी गराइएको छ। उपरान्त न्यूनतम वेतन होइन की तलब वृद्धिको अवधारण अगाडि बढाउने दिशामा संस्था क्रियाशील छ। वैदेशिक रोजगार ऐनमा JTUCC को अवधारणा पेश गरिएको छ र तत्सम्बन्धी कार्य जारी छ ।





## श्रमसम्बन्धी कानुनहरुको अवस्था र आवश्यकता

नेपालमा श्रम बजारमा भएको विकास र आएको परिवर्तन तथा राज्य सत्तामा भएको परिवर्तन सँगै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भएको छ। संविधान सभा मार्फत् गणतन्त्र नेपालको संविधान निर्माण सम्पन्न भई हाल कार्यान्वयनको चरणमा रहेको छ। संविधान कार्यान्वयनका लागि विभिन्न ऐनहरु बनाउने तथा प्रचलित ऐनहरुमा संशोधन गर्ने काम व्यवस्थापिका बैठकबाट भइरहेको छ। यसै सन्दर्भमा श्रमसम्बन्धी विभिन्न कानुनहरु संविधान जारी हुनुभन्दा अगाडिदेखि नै छलफल भई विधेयकका रुपमा व्यवस्थापिका संसद्मा प्रवेश गरेको अवस्था छ। यिनै श्रमसम्बन्धी कानुनको अवस्था र आवश्यकता तथा युनियनहरुको भूमिकाका विषयमा यहाँ स्पष्ट गर्ने प्रयास गरिएको छ :

### १) प्रस्तावित श्रम विधेयक :

नेपालको सम्पूर्ण श्रम बजार र श्रमिकलाई प्रचलित श्रम ऐन, २०४८ ले सम्बोधन गर्न नसकेको भनी विगत १५ वर्ष अघिदेखि संशोधन गर्नका लागि सरोकारवालाहरुबीच पटक पटक छलफल भई उद्योगी व्यवसायीहरुको छाता संगठनहरु, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ लगायतका प्रतिनिधिहरु र JTUCC मा आवद्ध महासंघका प्रतिनिधिहरु बीच नेपाल सरकार श्रम मन्त्रालय समेत सँग छलफल भई केही दफा बाहेकमा सहमति भई दुवै पक्षका प्रतिनिधिहरुले हस्ताक्षर गरी श्रम मन्त्रालयमा पेश गरेकोमा सरकारले संसद्मा विधयक पेश गर्दा दुई पक्षीय सहमति विपरीत परिर्वतन गरी केही दफाहरुमा मजदूर विरोधि प्रावधान राखेकोले JTUCC ले व्यवस्थापिका संसद्का सदस्यहरुलाई बोलाई अन्तक्रिया गरी JTUCC को संशोधन प्रस्ताव बुझाएकोमा व्यवस्थापिका संसद्का सदस्यहरुले JTUCC को प्रस्तावलाई मूल रूपमा आधार बनाई संशोधन पेश भई हाल व्यवस्थापिका संसद्को अन्तर्राष्टिय सम्बन्ध तथा श्रम समितिमा छलफल भइरहेको अवस्था छ ।

## २) सामाजिक सुरक्षा विधेयक :

अनौपचारिक श्रम क्षेत्र समेतका श्रमिकलाई समेट्दै सम्पूर्ण नेपाली श्रमिकहरुलाई आजको दयनीय अवस्थाबाट माथि उठाई जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकार, ट्रेड युनियन संगठनहरु र रोजगारदाताका प्रतिनिधिहरु समेतका बीचमा सहमति भए अनुसार रोजगार दाताको २० प्रतिशत र श्रमिकको ११ प्रतिशत योगदानबाट योगदानमा आधारित सामाजिक सुरक्षा सञ्चालन गर्ने सहमति भए बमोजिम नेपाल सरकारले सो विषयलाई वार्षिक बजेटमार्फत् समेत सम्बोधन गरी सामाजिक सुरक्षा नियमावली मार्फत् सामाजिक सुरक्षा कोषको कार्यालय स्थापना गरी त्रिपक्षीय सहमतिमा विधेयक तयार भएकोमा सरकारले एकीकृत सामाजिक सुरक्षालाई समेत यसै विधेयकमा राखी पेश गरेको तथा योगदानमा आधारित सामाजिक सुरक्षलाई अलग्गै ऐन मार्फत सञ्चालन गर्ने र एकीकृत सामाजिक सुरक्षालाई अलग्गै ऐन मार्फत् सञ्चालन गर्न उपयुक्त हुने भनी JTUCC ले समाजिक सुरक्षा कोष विधेयकमा समेत संशोधन प्रस्ताव बनाई व्यवस्थापिका संसद्का सदस्यहरुलाई बुझाएको र JTUCC ले प्रस्ताव गरे बमोजिको संशोधन प्रस्ताव सांसद्हरुले दर्ता गरी हाल समितिमा छलफलको चरणमा रहेको अवस्था छ ।

## ३).औद्योगिक व्यवसाय ऐन,

औद्योगिक व्यवसाय ऐनमा आफ्नो उद्देश्यभन्दा बाहिर गई विद्यमान श्रम कानुन र प्रस्तावित कानुनमा स्पष्ट व्यवस्था हुँदा हुँदै विदेशी श्रमिकलाई काममा लगाउने व्यवस्था, श्रमिकले हड्ताल गर्न नपाउने गरी प्रतिबन्ध गर्ने व्यवस्था, नो वर्क नो पे को व्यवस्थाजस्ता श्रमिक विरोधी प्रावधान राखिएको छ तर यसमा श्रमिकहरुको पारिश्रमिक, सुविधा वा उनीहरुले पालना गर्नु पर्ने कर्तव्य, प्राप्त गर्ने अधिकारी, संस्थागत अनुशासन र श्रमिकप्रति व्यवस्थापकको दायित्व लगायतका विषय र श्रमिकका अधिकारको बारेमा भने काहीँ कतै उल्लेख गरिएको छैन ।



## ४) आवश्यक सेवा ऐन

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी देहायको आवश्यक सेवामा हड्ताल निषेध गरी यो आदेश जारी गरेको भनेर हड्ताल गर्न नपाउने क्षेत्रको दायरा बढाएर कुनै पनि क्षेत्रमा हड्ताल गर्न नसक्ने अवस्था सिर्जना गरेको छ । जो श्रमिकहरुले हड्ताल गर्न पाउने कानुनी अधिकारको विपरीत छ ।

## ५) सहकारी ऐन

सरकारी ऐनको परिच्छेद २ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा त्यस्ता सरकारको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली संस्था गठन गर्न नपाउने एवं उल्लेखित व्यक्तिहरु मिलि संस्था गठन दर्ता गरिसकेको भए त्यस्तो संस्था सो ऐन प्रारम्भ भएको मितिले तीन बर्ष पछि स्वतः खारेज भएको मानिने व्यवस्था छ, जो संविधान प्रदत मौलिक हक र अन्य कानुनहरुको विपरीत छ ।

## ६) विशेष आर्थिक क्षेत्र ऐन

यस ऐनमा सरकारले कुनै पनि क्षेत्रलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्न सक्ने, विशेष आर्थिक क्षेत्रमा संगठन गर्न नपाउने, माग राख्न नपाउने, हड्ताल गर्न नपाउने अवस्था सिर्जना गरेको छ, जुन प्रावधान श्रमिकहरुले हड्ताल गर्न पाउने अधिकारको विपरीत छ ।

## ७) बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन

यो ऐन लागु हुनुभन्दा पूर्व कर्मचारीलाई दिँदै आइएको ५ प्रतिशत सेयर लाई घटाएर ०.५ प्रतिशत कायम गरिएको छ । संविधानमा सहभागितामूलक व्यवस्थापनलाई प्रोत्साहित गरिने उल्लेख भएकोमा त्यसको विपरीत यो ऐन आएको छ । यसै गरी बैंकिङ क्षेत्रमा ३० वर्षे

सेवा अवधि र ५८ वर्षे उमेरको दोहोरो मापदण्ड कायम छ। यस क्षेत्रमा पनि अरु श्रमिक सरह उमेरको हदमा मात्र अवकाश हुने व्यवस्था हुन आवश्यक छ।

**८) यातायात व्यवस्था सम्बन्धी ऐन**

यस ऐनमा दुर्घटना भएमा चालकलाई हुने दण्ड सजाय सम्बन्धमा रहेको पहिलेको व्यवस्थालाई हटाएर दण्ड हुने ठाँउमा पनि सजाय हुने व्यवस्था गरेको लगायत श्रमिकहरुको सुविधा कटौती गरिएको छ।

**९).शिक्षा ऐन**

यस ऐनमा अस्थायी शिक्षकहरुको अधिकारलाई कटौती गरिएको छ र राज्यको सबै तहमा श्रमिकहरुको सहभागिता हुनु पर्ने अधिकारलाई बन्देज लगाउन शिक्षकहरुले कुनै पनि राजनीतिक दलबाट प्रतिनिधित्व गर्न नपाउने व्यवस्था गरिएको छ।

**१०) वैदेशिक रोजगार ऐन**

यो ऐन मस्यौदाका लागि गठित समितिमा धेरै पछि मात्र ट्रेड युनियन संगठनका प्रतिनिधिलाई समावेश गरिएको थियो। त्यस समितिले लेख्ने मस्यौदामा वैदेशिक रोजगार व्यवसायी बाहेक कसैको कुरा नलेख्ने अवस्था थियो। यसरी एक पक्षीय रूपमा बनाउन खोजिएको मस्यौदा हाल गर्भावस्थामै छ र समितिको म्याद पनि २ महिना अगाडि सकिई सकेकोमा थपिएको छैन। यसकारण बेवारिसे रूपमा रहेका उक्त मस्यौदा श्रमिकहरुको हितमा आउने कुरामा विश्वस्त हुने कुनै आधार देखिँदैन।

**११) बीमा विधेयक**

प्रस्तावित बीमा विधेयकमा ट्रेड युनियनका प्रतिनिधिहरुसँग कुनै छलफल नै नगरी खाईपाई आएको सुविधा समेत कटौती हुने गरी श्रमिक विरोधी प्रावधानहरु राखी अगाडि बढाइएको अवस्था विद्यमान छ।



**१२) केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक**

केही नेपाल ऐन संशोधन गर्न बनेको विधयकमा समेत श्रमिकका अधिकारसँग सम्बन्धित विषयलाई समावेश गरी अधिकार कटौती गर्ने गरी प्रस्ताव ल्याइएको अवस्था छ।

**हाम्रो धारणा**

नेपालको नयाँ सविधानको प्रस्तावनामै श्रमिकहरुलाई आफ्नो हक र हितका लागि संगठित हुन पाउने तथा सामूहिक सौदावाजीको अधिकार उपभोग गर्न पाउने कुरा मौलिक हकको रुपमा स्थापित गरिएको छ। त्यसै गरी 'नेपाल समाजवाद उन्मुख राज्य हुनेछ' भनिएको छ। समाजवादी राज्य व्यवस्थामा राज्यको समग्र विकासमा श्रमिकहरुको प्रमुख भूमिका रहन्छ तर संविधान घोषणा पश्चात् आएका ऐनहरुमा सविधानका उक्त भावनाहरुलाई समेटिएको देखिँदैन भने प्रचलित श्रमसँग सम्बन्धित कानुनहरुमा भएका अधिकारलाई समेत कटौती गर्ने प्रयास भएको देखिन्छ। हालसम्म व्यवस्थापिकाबाट पारित भएका ऐनहरु नेपालले अनुमोदन गरी सकेका आईएलओका अभिसन्धिहरुको मर्म र भावना विपरीत श्रमिकहरुको हक हित र अधिकारलाई निस्तेज गर्न उन्मुख भएका देखिन्छन्। त्रिपक्षीयताको सिद्धान्त विपरीत आएका यी श्रमिक विरोधी कानुनहरुले नेपालको आर्थिक समुन्नतिका लागि औद्योगिक शान्ति पनि कायम गर्न सक्ने अवस्था छैन। अतः यस्ता ऐन कानुनहरुमा आवश्यक संशोधनका लागि सम्बन्धित पक्ष सरकार, रोजगारदाता, ट्रेड युनियन र अन्य सरोकारवालाहरु बीच वार्ताको वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ भने JTUCC ले तत्काल आवश्यक योजना बनाई प्रभावकारी भूमिका खेल्न आवश्यक देखिन्छ।

अनुसूची-२

पत्र संकेत : FM,04_08.2016

मितिः-२०७३/०१/१७

माननीय अर्थमन्त्रीज्यू,
नेपाल सरकार
सिंहदरबार, काठमाडौ ।

**विषयः-आगामी बजेटका लागि सुझाव पेश गरिएको सम्वन्धमा ।**

महोदय,

नेपालमा क्रियाशील सबै ट्रेड युनियन महासंघहरू मिलेर हामीले संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC) को स्थापना गरी काम गर्दै आएको व्यहोरा यहाँलाई अवगत नै छ । विविधतामा एकता कायम गरी हामीले श्रम क्षेत्रको नीति निर्माणमा नेपाल सरकार, रोजगारदाता संगठन र अन्य निकायसमक्ष साझा अवधारणा प्रस्तुत गर्दै आएका छौं । नेपालको संविधान जारी भएपछि पहिलो पटक व्यवस्थापिका संसदमा यहाँले नेपाल सरकारको तर्फबाट बजेटको तयारी गरिरहनु भएको छ भन्ने हामीलाई थाहा छ । त्यसैले संविधान जारी भएपछि नेपाल सरकारले बजेट पेश गर्दा नेपालका काम गरी रहेका आम श्रमिकहरू, ज्याला आर्जकहरूको विषयमा सम्बोधन हुनुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ ।

भूकम्प र नाकाबन्दीले नेपालको अर्थतन्त्र अप्ठेरो अवस्थामा पुगेको भए पनि यस अवधिमा भएको मूल्यवृद्धिको आधारमा सबै क्षेत्रका कर्मचारीको पारिश्रमिकमा वृद्धि होस् भन्ने हामीले अपेक्षा गरेका छौं ।

आगामी बजेट तथा नेपाल सरकारको नीति तथा कार्यक्रममा निम्न व्यहोरा समावेश गरियोस् भनी माग गर्दछौं :



१. विद्यमान श्रम ऐनलाई प्रतिस्थापन गर्न बनेको विधेयक र सामाजिक सुरक्षा विधेयकलाई संसद्बाट पारित गरी श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम यसै आर्थिक वर्षबाट प्रारम्भ गरियोस् । विद्यमान सञ्चयकोष तथा उपदानसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरी प्रत्येक कामदार/कर्मचारीलाई ६० वर्ष उमेर पूरा भएपछि पेन्सनको व्यवस्था गरियोस् । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक र किसानका लागि समेत पेन्सनको व्यवस्था गरी सम्माननीय प्रधानमन्त्रीज्यूले नववर्षको शुभकामना दिँदा उल्लेखित सबै नागरिकको वार्धक्य कालको सामाजिक सुरक्षाको प्रत्याभूति गरियोस् ।

२. नेपाल राष्ट्र बैंकको उपभोक्ता मूल्य सुचकाङ्कको आधारमा निर्धारित मूल्य वृद्धिको अनुपातमा कर्मचारीहरूको पारिश्रमिकमा वृद्धि गरियोस् ।

३. प्रादेशिक संरचना अनुरूप ट्रेड युनियन ऐनलाई आवश्यक संशोधन गरियोस् । विद्यमान बोनस ऐनमा संशोधन गरी कल्याणकारी कोषसम्बन्धी विद्यमान व्यवस्थालाई श्रमिकको हितमा पुनरावलोकन गरियोस् ।

४. नेपालमा हालसम्म व्यवसायजन्य रोगको पहिचान, अध्ययन, अनुसन्धान र निदानसम्बन्धी कुनै कार्य भएको छैन । यस सम्बन्धमा काम गर्ने गरी नेपाल सरकारले अनुसन्धान गर्ने र उपचार गर्ने काम गर्न छुट्टै अस्पतालको स्थापना गरियोस् ।

५. औद्योगिक, पर्यटन, यातायात र निर्माण क्षेत्र लगायतका सबै क्षेत्रका श्रमिकहरूको दुर्घटना बीमालाई अनिवार्य गरी यसलाई प्रभावकारी कार्यान्वयन गरियोस् ।

६. प्रत्येक प्रदेशमा कम्तीमा एक/एक वटा श्रम कार्यालय रहने व्यवस्था गरी श्रम विवाद सिर्जना हुन नदिन श्रम निरीक्षण प्रणाली लागु गरियोस् । नीतिगत तहमा संवादका लागि संसदभित्र बहुपक्षीय आर्थिक-सामाजिक संयन्त्र निर्माण गरियोस् ।

७. नेपालभित्रै रोजगारीका फलदायी अवसर सिर्जना गर्न नयाँ औद्योगिक क्षेत्र स्थापना गरियोस् । ठुला परियोजनाको प्रारम्भ गरी आम रोजगारी सिर्जना गरियोस् ।

८. वैदेशिक रोजगारीमा रहेका श्रमिकको रेमिटेन्स र स्वदेशी श्रमिकको पारिश्रमिकलाई शेयर लगानीमा सदुपयोग गर्ने गरी जलविद्युत तथा अन्य परियोजनाहरू प्रारम्भ गरियोस् । यस प्रकृयाबाट श्रमिकहरूको क्रमशः उत्पादनको साधनमाथि पहुँच बढाउन सकियोस् ।

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) जस्ता निकायको संलग्नता रहने गरी विदेशमा काम गरेर फर्किएका प्रवासी नेपालीको सीप परीक्षण गरी प्रमाणपत्र प्रदान गर्ने कार्य आरम्भ गरियोस् ।

१०. देशभर सडक व्यापारमा संलग्न स्वरोजगार श्रमिकहरूलाई व्यवस्थित गर्ने सबै नगरपालिकाका सडक व्यापारलाई व्यवस्थित गरियोस् । सडकलाई सुरक्षित र भरपर्दो बनाउने र व्यापारलाई समेत व्यवस्थित बनाउने कामको प्रारम्भ गरियोस् ।

११. देशभर कार्यरत स्वास्थ्य स्वयंसेवीहरूसँग विगतमा गरिएको सम्झौता कार्यान्वयन गर्न पोशाक भत्ता निजामती कर्मचारी सरह गरी अवकास पाउने वर्षमा सेवा सम्मान बापत उपदान दिने व्यवस्था गरियोस् ।

१२. बढ्दो महङ्गीको नियन्त्रण गर्न र कालोबजारीको अन्त्य गर्न प्रभावकारी कदम चालियोस् ।

१३. आधिकारिक ट्रेड युनियन (ऋद्यब) को निर्वाचन तत्काल गरियोस् र नियमित रूपमा सामूहिक सौदाबाजीको सुनिश्चितता गरियोस् ।

१४. बाल विकास केन्द्रलाई विद्यालय संरचनामा समावेश गरी बाल विकास केन्द्रमा कार्यरत शिक्षकको तलब, भत्ता राज्यले तोकेको न्यूनतम ज्याला सरह पुऱ्याउने व्यवस्था मिलाइयोस् ।



१५. सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारीहरूको तलब, भत्ता तथा सुविधा समयानुकूल वृद्धि गरियोस् ।

१६. कम आय भएका श्रमजीवीहरूलाई रासन कार्डको व्यवस्था गरियोस् ।

१७. मुलुकभित्रै रोजगारीको सिर्जना हुने खालका कार्यक्रमहरू बजेटमा समावेश गरियोस् ।

१८. नेपाल सरकारद्वारा वृद्धि गरिएको न्यूनतम ज्याला सबै तहमा कार्यान्वयन गरियोस् र कृषि लगायतका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमजीवीहरूको न्यूनतम ज्याला तत्काल वृद्धि गरियोस् ।

१९. स्थानीय तहमा नै श्रमिकको पञ्जिकरण गर्ने व्यवस्था मिलाइयोस् ।

२०. भूकम्प पिडितहरूलाई आवश्यक राहत तथा अनुदानको तत्कालै व्यवस्था गरियोस् ।

२१. निति निर्माणको तहमा श्रमिकको प्रतिनिधित्व गराइयोस् ।

२२. विद्यमान आयकरको सिमा बृद्धि गरी रू. ५,००,००० ।- (पाँच लाख) पुऱ्याइयोस् ।

माथि उल्लेखित सुझावहरू बजेटमा समावेश हुने कुरामा हामी विश्वस्त छौं ।

| | |
|---|---|
| **इन्द्र देव मिश्र** | **खिलानाथ दाहाल** |
| **महासचिव** | **अध्यक्ष** |

## *अनुसूची-३*

### *मई दिवस २०१६ का अवसरमा*

### *संयुक्त ट्रेडयुनियन समन्वय केन्द्र (JTUCC) द्वारा जारी*

### *प्रेश विज्ञप्ति*

मई दिवस २०१६ लाई विश्वभरीका श्रमजीवीहरूले श्रमिकको ऐतिहासिक पर्वका रूपमा मनाइरहेका छन् । यस दिवसलाई हाम्रो मुलुकमा पनि विभिन्न कार्यक्रम सहित विभिन्न ट्रेड युनियनहरूद्वारा धुमधामले मनाइँदै आइएको कुरा विदितै छ । मे दिवस हरेक वर्ष विशेष खालको सन्देश सहित श्रमिकहरूको एकता, वीरता र संघर्षका गौरवमय गाथालाई प्रदर्शन गर्दै सम्पन्न हुने परम्परा विगतदेखि नै रहँदै आएको छ । विगतको मई दिवस र यो वर्षको मई दिवसमा विशेष फरक रहेको छ । मुलुकमा ऐतिहासिक संविधान निर्माण सम्पन्न भएर २०७२ आश्विन १३ मा नेपालको नयाँ संविधान घोषणा भएको छ र कार्यान्वयन प्रकृयामा अगाडि बढि रहेको छ । नयाँ संविधानमा श्रमिकहरूका सबै मुदाहरू समावेश नभए पनि केहि हकाधिकार अवश्यनै सुनिश्चीत भएको छ र आगामि दिनमा राज्यले जारी संविधानलाई श्रमिकको चाहाना अनुरूप संसोधन प्रकृयामा लैजाने छ भन्ने बिश्वास लिएका छौं ।

परिवर्तित परिस्थितिमा नेपालका सम्पूर्ण श्रमिकको हकहित संरक्षण गर्न श्रमिक आन्दोलनलाई सबल र सशक्त बनाउँदै लान जरूरी छ। पुँजिको विश्वव्यापीकरणले सिर्जना गरेको नकरात्मक प्रभावलाई न्यून पार्दै नेपाली श्रमिकलाई समृद्ध र सम्मानित बनाउनका लागि ट्रेड युनियनहरूको एउटै आवाज आजको आवश्यकता हो । यसै सन्दर्भमा नेपालका २० लाखभन्दा बढि श्रमिकहरू र ति श्रमिकहरूको प्रतिनिधित्व गर्ने १३ वटा ट्रेड युनियन महासंघहरू बीच शुरू भएको सहकार्यको थालनीले संयुक्त ट्रेड युनियन समन्वय केन्द्र( JTUCC ) को स्थापना भई नियमित रूपमा संस्थागत प्रकृयामा अगाडी बढ्दै आएको छ ।



नेपालको अन्तरिम संविधान २०६३ खारेज भैसकेको र नयाँ संविधान जारी भैसकेको वर्तमान अवस्थामा देशको सबै ऐन नियमहरू पनि निर्माण गर्नु पर्ने हुँदा श्रमिक सँग सम्बन्धित विषयमा हाम्रो उपस्थिति र संलग्नता आवश्यक देखिएको छ र त्यसका लागि हामीले प्रभावकारी पहल गर्नुपर्ने आवश्यकता छ । त्यसैगरी वहुप्रतिक्षित श्रम ऐन र सामाजिक सुरक्षा ऐन संसदबाट पारित गराउन र गत वर्षको विनाशकारी भुकम्पले तहसनहस भएको हाम्रो देशको अर्थतन्त्रलाई सुधार गर्न र प्रभावितहरूको उचित व्यवस्थापन गर्न पनि त्यतिकै आवश्यक छ ।

नेपाली ट्रेड युनियन आन्दोलनमा फरक विचारधारा बोकेका विभिन्न ट्रेड युनियनहरू क्रियाशील रहे तापनि श्रमिकका साझा सवालमा सहकार्यका साथ वर्गीय आवाज बुलन्द गरिने प्रतिबद्धता व्यक्त गर्दै विद्यमान श्रमसम्बन्धी विषयहरूलाई प्राथमिकता दिदै यो वर्ष निम्न कार्यहरूमा ध्यान केन्द्रित गरिने छः

- सबै राजनीतिक दलहरूलाई संविधान सभाका बखत जारि आ-आफ्नो घोषणापत्रमा उल्लिखित प्रतिबद्धतालाई कार्यान्वयन गराउन दवाव दिने ।

- मुलुकमा रोजगारिको श्रृजना गर्नका निम्ति राजनितिक स्थिरता आबश्यक भएको हुँदा सो कार्यका निम्ति सहमती र सहकार्य गरी अगाडी बढ्न सबै राजनितिक दलहरूलाई अपिल गर्ने ।

- आइ.एल.ओ. का आधारभूत अभिसन्धिहरू ८७ र १०५, श्रमिकसँग संबन्धित महत्वपूर्ण अभिसन्धिहरू १०२, १८३, १७७ घरेलु श्रम सम्बन्धि अभिसन्धि १८९ लगायतका अभिसन्धिहरूको अनुमोदन गर्न र उक्त अभिसन्धिलाई कानुनमा समावेश गर्न पहल गर्ने ।

- झण्डै १ वर्ष अघि ट्रेड युनियन र रोजगारदाताहरूको संगठनहरूवीच सहमती कायम गरी श्रम ऐनको मस्यौदा माननीय मन्त्रीज्यु मार्फत सरकारलाई बुझाई सकिए पनि उक्त मस्यौदा विधेयकका रूपमा

समेत व्यवस्थापिका संसदमा प्रस्तुत भई सकेको र विगत ७ वर्ष देखि भ्रण्डै ६ लाख श्रमिकहरूले आफ्नो पारिश्रमिक बाट १ प्रतिशत रकम सामाजिक सुरक्षा वापत योगदान गर्दै आइरहको भएता पनि राज्यको उदासिनताका कारण जारी हुन नसकेका सामाजिक सुरक्षा ऐन जारी गराउन शसक्त पहल गर्ने ।

- नेपाल सरकारद्वारा बृद्धि भएको न्यूनतम ज्याला १७००/– सबै तहमा कार्यान्वयन गराउन र कृषि लगाएतका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमजीविहरूको न्युनतम ज्याला तत्काल बृद्धि गराउन पहल गर्ने । हालसम्म राज्यबाट निर्धारित न्यूनतम ज्यालादर असमान एवं अवैज्ञानिक छ र यसको कार्यान्वयन पक्षसमेत प्रभावकारी नभएकाले आगामी दिनमा श्रम र रोजगारीका सबै क्षेत्रलाई समेट्ने गरी बढ्दो महङ्गीको अनुपातमा मर्यादित जीवनयापन गर्न सक्ने गरी न्यूनतम ज्याला निर्धारण एवं पुनरावलोकन गर्न पहल गर्ने ।

- औपचारिक तथा अनौपचारिक क्षेत्रमा संलग्न अधिकांश श्रमिकहरू सामाजिक सुरक्षाको दायराबाहिर नै रहेकाले उनीहरूलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन विद्यमान कानूनी व्यवस्थामा परिमार्जन गरी सबै क्षेत्रका श्रमिकहरूलाई संचयकोष, उपदान, विमा, निवृत्तिभरण, मातृत्व संरक्षण, स्वास्थ्योपचार, असक्तता र वृद्धावस्थाको संरक्षणलगायतका सामाजिक सुरक्षा र संरक्षणको संवैधानिक व्यवस्था गर्ने । यसका लागि त्रिपक्षीय योगदानमा आधारित एकीकृत सामाजिक सुरक्षाकोष स्थापना गरी सामाजिक सुरक्षा र संरक्षणलाई संविधानमा मौलिक हकका रूपमा व्यवस्था गर्न प्रतिवद्ध रहने ।

- राज्यद्वारा पाखा पारिएका तथा सामाजिक उत्पीडनमा परेका सामाजिक समूहहरू, दलित, महिला, आदिवासी, जनजाति, मधेशी श्रमिकहरूको आर्थिक तथा सामाजिक अवस्था अत्यन्त विकराल रहेको हुँदा त्यस्ता खाले उत्पीडित श्रमिक र तिनका परिवारका लागि समेत सामाजिक न्याय र सामाजिक संरक्षणका योजनाहरू लागू गर्न प्रयत्नशील रहने



र गरिबीको रेखामुनि बाँच्न बाध्य असहाय, बृद्ध, असक्त श्रमिकको संरक्षण गर्न आवश्यक कानूनी अधिकार सुनिश्चित गर्न प्रयत्नशील रहने ।

- रोजगारी र श्रमको सुरक्षाका साथै राज्यको पूँजीपक्षीय सोचको अन्त्य गरी श्रम र पूँजीबीच सन्तुलित व्यवहार गर्ने श्रमिकपक्षीय राज्यप्रणालीको निर्माण गर्नु आजको खाँचो हो । यसकालागि द्धिपक्षीय र त्रिपक्षीय सामाजिक संवादका माध्यमबाट सुमधुर औद्योगिक सम्बन्ध एवं असल श्रमसम्बन्ध कायम गर्न प्रयासरत रहने साथै ठोस राष्ट्रिय औद्योगिक नीति तर्जुमा र कार्यान्वियनका लागि आवश्यक दवाव दिने ।

- सार्वजनिक क्षेत्रमा नियुक्ति र कार्यरत श्रमिकहरूको सरूवा, बढुवा आदि प्रक्रियाहरूमा नियमसङ्गत र पारदर्शी ढङ्गबाट गराउन आवश्यक कार्य गर्ने ।

- अझै पनि समाजमा विद्यमान बालश्रम, बँधुवाश्रम, दासता, जाति, धर्म तथा क्षेत्रका आधारमा गरिने भेदभाव, लैङ्गिक विभेद जस्ता अनुचित र शोषणमूलक श्रमअभ्यास कायमै रहेका हुँदा त्यस्ता अनुचित र शोषणमूलक व्यवहारको अन्त्य गरी उत्पादनशील रोजगारी, कामका अधिकारसम्बन्धी आधारभूत सिद्धान्तहरूको पालना, मर्यादित काम र सामाजिक सम्वादको प्रवर्द्धनका लागि प्रतिबद्धताका साथ क्रियाशील रहने ।

- श्रमिक शक्तिलाई सङ्गठित गर्दै र नेपालको श्रमिक आन्दोलनलाई सबल र सक्षम बनाई ट्रेडयुनियनको संस्थागत विकास गर्न र रोजगारीको सुरक्षा एवं श्रमिकको क्षमता अभिवृद्धि गर्न राज्यद्वारा प्रस्तुत हुने वार्षिक नीति तथा कार्यक्रममा श्रमक्षेत्र र ट्रेडयुनियन महासंघहरूद्वारा गरिने चेतनामूलक कार्यक्रमहरूका निम्ति वार्षिक बजेट विनियोजन गर्ने व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

- बर्तमान संविधानमा अन्य आयोगहरूको व्यबस्था भएपनि श्रमिक आयोग गठनको व्यवस्था नभएकोले श्रमआयोग गठनका लागि बैधानिक व्यबस्था गराउन आवश्यक पहल गर्ने। राज्यको निति निर्माण लगायतका सम्पुर्ण

संरचनामा १०% श्रमिकको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गराउन पहल गर्ने। कार्यथलोमा मताधिकारको ब्यवस्था गर्न आवस्यक पहल गर्ने।

- गरीबी निवारण र रोजगारी अभिवृद्धिका निम्ति जनता तथा श्रमजीवी वर्गका लागि सुलभ शिक्षा र आधारभूत स्वास्थ्यसेवा अनिवार्य सर्त भएकाले शिक्षा र स्वास्थ्यमा देखिएको विभेद अन्त्य गरी शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चत गर्ने।

- बदलिँदो आर्थिक एवं सामाजिक परिवेशमा राष्ट्रिय नीति एवं कार्यक्रम तर्जुमा गर्दा श्रमिक वर्गलाई समेत सहभागी गराउन र सङ्घीय राज्य प्रणालीको व्यवस्था गर्दा श्रमिक वर्गको सम्मानजनक वर्गीय समावेशीकरणका लागि पहल गर्ने।

- वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकहरूको पारिश्रमिक, ट्रेडयुनियन अधिकार र रोजागारीको सुनिश्चितता र सुरक्षालगायत अन्य आधारभूत अधिकारहरूको ग्यारेण्टी गरी अन्तर्राष्ट्रिय श्रममापदण्ड लागू गर्न वैदेशिक रोजगार ऐन र सोसम्बन्धी कानूनहरूमा समसामयिक संशोधन एवं परिमार्जन गर्न-गराउन प्रयत्नशील रहने र राज्यलाई कुटनीतिक संरक्षणका निम्ति आवश्यक पहल गर्न दवाव दिने।

